# आर्थिक वर्ष २०७४/७५ को

# नीति, कार्यक्रम तथा बजेट

कमलबजार नगरपालिका

अछाम

**७ नं. प्रदेश, नेपाल**

श्रीमान् सभाध्यक्ष महोदय,
प्रमुख अतिथी,
नगरसभाका सदस्यज्यूहरु,
सम्पुर्ण अतिथी गण,
कर्मचारी साथीहरू र उपस्थित महानुभावहरु ।

सर्वप्रथम, नेपालको इतिहासमै पहिलोपटक सबैभन्दा बढी अधिकार स्थानीय क्षेत्रमा आउने गरी सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचन पश्चात् बस्दै गरेको कमलबबजार नगरपालिकाको नगर सभाको प्रथम अधिवेशनको पहिलो बैठकमा उपस्थित हुनु भएका निर्वाचित नगरसभाका सम्पुर्ण सदस्यज्युहरु लाई हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको इतिहासका विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त वर्तमान स्वाधीन नेपालको स्थानीय सरकारको रुपमा रहेको यस कमलबजार नगरपालिकाको गरिमामय प्रथम नगर सभामा नीति तथा कार्यक्रम र समग्र आयव्ययको विवरण (बजेट) प्रस्तुत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महसुस गरेकी छु । साथै वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

करिब २० वर्ष लामो समय सम्म जनप्रतिनिधि विहीन अवस्थामा समेत जनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र नीति कार्यक्रम तथा बजेट कार्यक्रम बनाउन काममा सहयोग गर्न अहोरात्र खट्नुभएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

अछाम जिल्लाको पूर्वी भुभागमा अवस्थित १२०.७८ वर्ग किलोमिटर क्षेत्रफल भएको कमलबजार नगरपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुत नेपालको संविधान, ऐन कानून, मन्त्रालय बाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं ।

**आदरणीय महानुभावहरु,**

अव, म आगामी आ.व. २०७४/०७५ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७४र ७५ को नगरपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, चौधौँ आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली,२०५६, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस कमलबजार नगरपालिकाको बस्तुगत आवश्यकतालाई मुख्य आधार बनाइएको छ ।

**कमलबजार नगरपालिकाले आ.व २०७४।०७५ को बजेट तर्जुमा गर्दा लिईएका मुख्य मुख्य आधारहरू:-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपाको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- कमलबजार नगरपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**<u>योजना/आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>**

१.यस नगरपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।

२.उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।

३.आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुर्‍याउने ।

४.छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।

५.पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।

६.स्थानीय स्रोत, साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।

७.प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।

८.परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।

९.वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने

१०.नगरपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।

११.लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

**श्रीमान् सभाध्यक्ष महोदय**,

हामीले यस आ.व. २०७४/०७५ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

कमलबजार नगरपालिकाका **समस्टीगत नीतिहरु**:

- हाम्रो विकासको चाहना र जनभावना अनुरुप कमलबजार नगरपालिका बासी जनताको आर्थिक समृद्धिका लागि पाँच वर्षसम्म हामीहरुले तय गर्ने योजना, आयोजनाहरुको यो प्रथम आधार बजेटको रुपमा यो बजेट कार्यक्रम प्रस्तुत गरिएको छ ।
- विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्षमा पुग्न कठीन हुने यथार्थलाई आत्मसाथ गर्दै यस आ.व. देखि गुणस्तरीय विकास निर्माण र द्रुत कार्यसम्पादन मापदण्डको व्यवस्था गर्न दण्ड र पुरस्कारको नीति लिइनेछ ।
- पुर्वाधार विकास, शिक्षा , स्वास्थ र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जीवन स्तरमा सुधार गरी हाम्रो पौरख हाम्रो गौरब हाम्रो कमलबजार परिकल्पनाको साथ हाम्रो नगर राम्रो बनाउँ कार्यक्रमको प्रस्ताव गरेको छु ।
- एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न र समृद्धिको आधार तय गरिनेछ ।
- हाम्रो कमलबजार नगरपालिका भौगोलिक विकटता पुर्वाधारको कमीलाई मध्यनजर गर्दै यसलाई समस्याग्रस्त होइन सम्भावनायुक्त नगरपालिका बनाउने लक्ष्यका साथ प्रत्यक्ष जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकतामा राख्दै आर्थिक अनुशासन र पारदर्शिता सहितको हाम्रो नगर राम्रो बनाउँ कार्यक्रम लाई सुरु गरिनेछ ।
- प्राकृतिक स्रोत साधन र मानव संशाधनलाई अधिकतम उपयोग गर्दै उत्पादन र रोजगारीको क्षेत्रमा एउटा स्पस्ट गुरुयोजना बनाउने गरी कार्यक्रम ल्याइनेछ ।
- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।
- कमलबजार नगर क्षेत्रमा रहेका विभिन्न मठ–मन्दिरहरू लाई एकिकृत धार्मिक स्थलको रुपमा विकास गरी आन्तरिक पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- कलमजार–पाचुंली पर्यटन क्षेत्रको विकास गरी भ्यू टावर निर्माण गरिनेछ ।

- यस कमलबजार नगर क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीति अबलम्बन गर्दै सीसा, प्लास्टिक जस्ता नकुहिने फोहोर पदार्थलाई नवीकरण गर्न उद्योगसम्म पुर्याइनेछ ।
- नगर क्षेत्रमा अत्यधिक रूममा व्याप्त रहेको गुणस्तरहिन मदिरा (कर्णाली सोफी ) पूर्ण रूपमा निषेध गरिने छ ।

**<u>आर्थिक विकास सम्बन्धी नीतिहरु</u>**

- पशुपालन र कृषिको लागि ठूला कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- रोजगारी र रोजगारीको लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रम तय गरिनेछ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइन्छ ।
- उत्पादनमुलक रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम र आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।
- नगरपालिका भित्र प्रयाप्त सिचाँई सुविधाको व्यवस्था गरी कृषि उत्पादन बढाउने कार्यमा जोड दिईनेछ ।
- एक गाउँ एक उत्पादन कृषि प्रणालीलाई अवलम्बन गरिनेछ ।
- विकास योजना संचालन गर्दा वातावरण मैत्री विकास प्रणालिलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकरात्मक असरलाई न्यून गर्न सो क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संस्थाहरु संग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ ।
- नगरक्षेत्रमा बन विनास तथा भुक्षय रोकथाम सम्बन्धी कार्यक्रम सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरी लागू गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको वनलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुको साथै नगर क्षेत्रमा सडकको दायाँ बायाँ वृक्षारोपण गरि हरियाली कायम गर्ने नीति लिईनेछ ।
- सुविधा सम्पन्न होटलहरुको निर्माणको तथा उद्योग निर्माण गर्नको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- उद्योग धन्दा र व्यावसायको माध्यमबाट आर्थिक सुधार हुने भएकाले घरेलु उद्योग/व्यावसाय संचालन गर्ने उद्यमी व्यावसायीलाई प्रोत्साहन गरिनेछ ।

**<u>भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु</u>**

- यस कमलबजार नगरपीलकाका प्राय सबै वडाहरु र बस्तीहरुमा सडक यातायातको असुविधाहरुलाई मध्यनजर गर्दै सडक यातायातलाई मुख्य प्राथमिकता राखी सबै नागरिकलाई सडक यातायातको पहुचमा पुर्याउने नीति लिइने छ ।

- जलश्रोत सिचाइ र विद्युतको लागि ठूला परियोजना संचालन गर्ने सम्भावना अध्ययन कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरस्तरीय खानेपानी गुरुयोजना तयार गरी खानेपानी आपूर्तीको सहज व्यवस्था गरिनेछ ।

- नगरक्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ्ग साइड निर्माण प्रक्रिया शुरुवात गरी उक्त डम्पिङ्ग साइड व्यवस्थापन गर्न डम्पिङ्ग साइड उ.स.लाई शसक्त गर्ने निति अबलम्बन गरिनेछ ।
- नगर क्षेत्र भित्र स्वच्छ र सुलभ रुपमा खानेपानीको आपुर्तिको व्यवस्था गरिनेछ र फोहरमैलाको व्यवस्थापन गर्नमा जोडदिइनेछ ।
- नगरस्तरीय, वडास्तरीय सरसफाई कार्यलाई छिट्टै प्राथमिकता दिईनेछ ।
- वैकल्पिक वायु उर्जा लाई व्यवस्थापन गर्दै सहज रुपमा विद्युत आपूर्तीमा जोड दिईनेछ ।
- बजार क्षेत्रमा सडक बत्तिको व्यवस्था गर्न आवश्यक कदम चालिने छ ।
- नगर क्षेत्रमा राष्ट्रिय बिद्युत प्रशारण लाईन  बिस्तारको लागि पहल का साथै ५ वर्ष भित्र सवै वडाहरुमा विद्युत सेवा उपलब्ध गराईनेछ ।
- कमलबजार नगरपालिका अन्तर्गत वडा नं ८ मा रहेको चौकेगडा मा राष्ट्रिय स्तरको खेलमैदान, कर्भडहल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाका १० वटै वडामा प्रदेश स्तरीय खेलमैदान निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

- नगरक्षेत्रमा सडकगुरुयोजना तयार गरि तोकिएको मापदण्ड अनुसार सडक निर्माण कार्यमा समेत निरन्तरता दिने निति अबलम्बन गरिनेछ ।
- नगर क्षेत्रका मुख्य सडक पिचका लागि आवश्यक पहल गरिनेछ ।
- नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक संजालसंग जाड्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- नगरपालिका भित्र सडक निर्माण गर्दा साझेदारी प्रक्रियालाई पहिलो प्राथमिकता दिईनेछ ।

- नगर क्षेत्र भित्र सुविधा सम्पन्न आवास निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रको समग्र विकास योजना बनाई सो अनुसार विकास कार्य अगाडी बढाईनेछ ।
- नक्सा पासको कार्यविधि बनाई भवन निर्माण मापदण्ड र भवन आचार संहिता अनुसार भुकम्प प्रतिरोधात्मक भवन निर्माण निति अबलम्बन गरिनेछ ।
- नगरपालिकाको भवन निर्माणको लागि  निर्माण प्रक्रियालाई अगाडी बढाईने छ ।
- नगरपालिकाको केन्द्र कमलबजारमा नेपाल टेलिकमसंग समन्वय गरी (ल्याण्ड लाईन) टेलिफोन ल्याउन पहल गरिनेछ ।
- इन्टरनेट सेवाको पहुँच बृद्धि गराउने निती अबलम्बन गरिनेछ ।
- नगरपालिकाको वेब साईड (Web side) बनाई कार्यालयका बार्षिक तथा अर्ध बार्षिक कार्य प्रगति प्रतिवदेन तथा अन्य बिवरणहरु वेब साईड (web side) मा राख्ने कार्यको शुरुवात गरिनेछ ।
- कमलबजार नगरपालिकाको १० वटै वडामा संचारको पहुँच नभएको ठाउँमा टेलिफोन टावर स्थापना गरी सवै स्थानमा संचारको पहुँच पुऱ्याईनेछ ।
- नगरक्षेत्र भित्र बस पार्क, लामो दुरिका बस पार्किङ स्थल, सभा गृह, शव दहा गृह, कभर्डल, क्रिकेट मैदान, हाट बजार, पशु बद्यशाला, वृद्धाश्रम, शैक्षिक प्रतिस्ठानका क्षेत्रहरु, फोहर प्रसोधन केन्द्र आदि जस्ता क्षेत्रहरको पहिचान गरि प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।
- नगरको मुख्य बजार तथा अन्य केन्द्रहरुको निर्माणलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालयको प्राविधिक सहयोग लिई कार्यक्रम तर्जुमा गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी नीतिहरु

- नगरपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री उपलव्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ ।
- नगरपालिकाको शैक्षिक स्तर वृद्धि गर्न नगरपालिका भित्र रहेका शैक्षिक संस्थाको भौतिक पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- लक्षित समुहका बालबालिकाहरुको पहुँच बढाउन प्रोत्साहनका उपायहरु अपनाईनेछ ।
- प्राविधिक शिक्षा सञ्चालनका लागि विशेष जोड दिईनेछ ।
- छाउपडी प्रथा उन्मुलन गर्नको लागि विद्यालयहरुमा अतिरिक्त शिक्षा व्यवस्था मिलाउन जोड दिईनेछ ।
- आधारभुत शिक्षामा सवैको पहुँचका लागि विशेष सहयोगको निति अवलम्बन गरिनेछ ।
- नगरस्तरीय महिला हिंसा न्यूनीकरणका लागि विशेष पहल थालिने छ ।
- एच.आई.भी. एड्स, असाहय, टुहुरा, अशक्त, अनाथ बालबालिकालाई छात्रवृत्ति सहयोग गर्ने निति अवलम्बन गरिनेछ ।

- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेवकले पुर्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गरिने नीति लिईएको छ ।
- स्वास्थ्य चौकी भवन मर्मत, स्वास्थ्य क्लिनीक संचालन, प्रसुति गृह निर्माण गरी स्वास्थ सेवा पाउनबाट बञ्चित नागरिकका लागि स्वास्थ्यमा सरल र शुलभ पहुँच हुने अवस्थाको सृजना गरिनेछ ।
- नगरपालिकाका १० वटै वडाहरुमा संभाव्यता अध्ययन गरी स्वास्थ्य शहरी क्यिनिक स्थापना गरिनेछ ।
- एच.आई.भी. प्रभावितलाई सिपमूलक तालिमको व्यवस्था गरी आत्मनिर्भर हुने निति अबलम्बन गरिनेछ ।
- एच.आई.भि.एड्स नियन्त्रणका लागि यस क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय भाषा संरक्षण सम्बर्धन गर्ने नीति लिइएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवद्धन गर्न महिला, वालवालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सरोकारवाला निकायसंगको साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।
- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।
- प्रत्येक वडामा १/१ वटा विद्यालय नमूना विद्यालयको सम्भाव्यता अध्ययन गरिनेछ ।
- एम्बुलेन्स खरिद का लागि तुरून्त पहल गरिने छ।
- २५ शैयाको अस्पतालको निर्माणको लागि आवश्यक पुर्वाधार मिलाउने योजना तयार गरिनेछ ।
- प्रत्येक घरधुरीलाई स्वस्थ र स्वच्छ खानेपानी पुर्याउने लक्ष्य लिइएको छ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएका लगानीले स्वस्थ शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति**

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पुर्वसुरक्षा, व्यवस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक रुपमा संचालन गरिनेछ ।
- वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ । वनक्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपुर्ण वनस्पति तथा जडिबुटीको प्रशोधनमा नीजि तथा सामुदायिक संस्थालाई सहभागी बनाइनेछ ।
- यस नगर क्षेत्रमा हुन सक्ने संभाव्य विपद लाई मध्यनजर गरी विपद व्यवस्थापन कोषको स्थापना गरिने छ ।

**संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति**

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन सुचना प्रविधिको उपयोग गरिनेछ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरण सफ्टवेयर वनाई अपलोड गरिनेछ ।
- पन्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ ।
- नगरपालिकाको पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माण गरी वास्तविक दर्पण जानकारी गराईनेछ ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ । सोको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- सेवा प्रवाहमा सहजता ल्याउन नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ । र भष्ट्रचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।
- नगरपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ अवसर र संभावनालाई खोजी गरि यस क्षेत्रमा संख्यात्मक र गुणात्मक वृद्धि गरिनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालनविना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन । राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको छ । साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा वढ्दो चुहावट नियन्त्रण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ । स्थानीय समुदाय एवं स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

- आत्म निर्भर नगरपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्धति अवलम्वन गरिनेछ । नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।

**बजेट तथा कार्यक्रम**

अव म आगामी आ.व. ०७४/७५ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

यस आवमा आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. १९ करोड १७ लाख १७ हजार, सशर्त अनुदान तर्फ रु. १० करोड ७७ लाख ८१ हजार, आ.व. ०७४/०७५ को राजस्व आय प्रक्षेपण रु.२० लाख, अघिल्लो आ.ब.को नगद मौज्दात रु. १ करोड ७० लाख ५८ हजार ९ सय ५७ र ४५ पैसा गरी **आ.ब.** २०७४/०७५ **को कुल बजेट** ३१ **करोड** ८५ लाख **५६ हजार ९ सय ५७** रुपैयाँ ४५ पैसा रहेको छ ।

त्यसैगरी खर्च तर्फ चालु तर्फ रु. ४ करोड १० लाख ६४ हजार ६ सय ४१ रुपैयाँ, पुजिँगत तर्फ १६ करोड ९७ लाख ११ हजार ३ सय १६ रूपैया ४५ पैसा र सशर्त तर्फ रु. १० करोड ७७ लाख ८१ हजार गरी जम्मा खर्च समेत रु. ३१ **करोड** ८५ लाख **५६ हजार** ९ **सय ५७** रुपैंया ४५ पैसा रहेको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ माथिबाट नै तय भइ आएको **शसर्त अनुदान** रु. १० करोड ७७ लाख ८१ हजार, जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना र कार्यक्रम बनाइरहनु परेन ।

नेपाल सरकारद्वारा प्राप्त भएको वित्तीय समानीकरण अर्थात् निशर्त अनुदान, गत आ.वको वैक मौज्दात र कमलबजार नगरपालिकाको आफ्नो राजस्व आय गरी कुल हुन आउने रु २१ करोड ०७ लाख ७५ हजार ९ सय ५७ रूपैया ४५ पैसा को मात्र कार्यक्रम बनाउनु पर्ने भएकोमा यस  नगर कार्यपालिकाको कार्यालय, वडा समितिहरुको कार्यालय र विभिन्न विषयगत कार्यालय समेतको लागि चालु तर्फ जम्मा रु. ४ करोड १० लाख ६४ हजार ६ सय ४१ छुट्ट्याइएको छ। भने पुजिगत तर्फ (बिकास, आयोजना, कार्यक्रम) १६ करोड ९७ लाख ११ हजार ३ सय १६ रूपैया ४५ पैसा छुट्ट्याइएको छ।

यसरी पुजिगत तर्फ छुट्याइएको रु. १६ करोड ९७ लाख ११ हजार ३ सय १६ रूपैया ४५ पैसा मध्ये विषयगत सिलङ र वडागत सिलिङको आधारमा १० वटा वडा समितिको कार्यालयबाट बस्तीस्तरहुँदै सहभागितामुलक तवरले ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तर्गत रु. ८ करोड का विभिन्न विषयक्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ । भने वडा समितिको कार्यालयद्वारा सिफारीस भइ आएका एवम् नगर कार्यपालिका र विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका भवन निर्माण, ठुला सडक आयोजना

लगायतका विभिन्न आयोजना कार्यक्रमहरुमा ८ करोड ९७ लाख ११ हजार ३ सय र १६ रूपैया ४५ पैसा विनियोजन गरिएको छ।

- वर्तमान संक्रमकालीन अवस्थालाई मध्यनजर गरी आवश्यक परेमा सम्बन्धित शिर्षकबाट नै खर्च गर्ने गरी करिब रु. १ करोड ९ लाख ६९ हजार ९ सय ५० रूपैया ४५ पैसा भैपरी आउने पुजिगत शिर्षकमा विनियोजन गरिएको छ।

श्रीमान् सभाध्यक्ष महोदय
उपस्थित महानुभावहरु
यसरी आ.ब. २०७४/०७५ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने नगर सभा, नगर कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, बजेट निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारी ज्युहरु लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

भूमीशरण ढकाल (बजगाँई)
नगर उप–प्रमुख

धन्यवाद ।

**विषयक्षेत्रगत बजेट**

पुजिगत (बिकास, आयोजना, कार्यक्रम) अन्तर्गत छुट्याइएको रु. १६ करोड ९७ लाख ११ हजार ३ सय १६ रूपैया ४५ पैसा कमलबजार नगरपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

**आर्थिक क्षेत्र**

- आर्थिक क्षेत्र अन्तर्गत कृषि सम्बन्धी फरक- फरक कार्यक्रममा गरी जम्मा रु. २९ लाख ३५ हजार रकम विनियोजन गरिएको छ ।
- त्यसैगरी उद्योग तथा वाणिज्य सम्बन्धी क्षेत्रमा रु. ५० हजार रुपैयाँ विनियोजन गरिएको छ।
- त्यसैगरी पर्यटन क्षेत्रमा रु. १० लाख विनियोजन गरिएको छ।
- स्वरोजगार र सीप विकास कार्यक्रमको लागि रु. १७ लाख विनियोजन गरिएको छ ।

**सामाजिक विकास**

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रका विभिन्न फरक- फरक कार्यक्रमको लागि रु. ४६ लाख ५ हजार विनियोजन गरिएको छ।
- स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु. ८ लाख ४ हजार ४ सय विनियोजन गरिएको छ।
- खानेपानी सम्बन्धी विभिन्न आयोजना र कार्यक्रमको लागि ५४ लाख ८ हजार विनियोजन गरिएको छ ।
- संस्कृति प्रवर्धन अन्तर्गत रु. ७ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।
- खेलकुद तथा मनोरञ्जन अन्तरगत विभिन्न कार्यक्रमको लागि रु. ४१ लाख ४२ हजार विनियोजन गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रमको लागि १४ लाख ८९ हजार विनियोजन गरिएको छ ।
- सामाजिक विकास अन्तर्गत विभिन्न क्षेत्रहरुमा २ लाख ६५ हजार रकम विनियोजन गरिएको छ ।

**पुर्वाधार विकास**

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडकहरुको लागि ३ करोड ६२ लाख ५० हजार विनियोजन गरिएको छ ।
- त्यसैगरी सिँचाइ आयोजनाहरुको लागि रु. १४ लाख २५ हजार विनियोजन गरिएको छ।
- गाउँ कार्यपालिकाको भवन निर्माण लगायत विभिन्न भवन निर्माणको लागि रु. २ करोड ४१ लाख रुपैयाँ विनियोजन गरिएको छ।
- त्यसैगरी विद्युत क्षेत्रको लागि रु. १ करोड ८ लाख ८४ हजार ४ सय रुपैयाँ विनियोजन गरिएको छ।

**वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वन तथा भु- संरक्षण क्षेत्रका लागि रु. २ लाख विनियोजन गरिएको छ।
- गाउँपालिका क्षेत्रको नकुहिने फोहोर पदार्थको व्यवस्थापनको लागि रु. ५ लाख रकम छुट्याइएको छ।

- त्यसैगरी प्राकृतिक तथा मानवीय विपद व्यवस्थापनको लागि रु. ८ लाख १५ हजार रकम विनियोजन गरिएको छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ कार्यालय व्यवस्थापन लगायतका सामान्य सेवा तर्फ रु. ७५ लाख ५४ हजार ८ सय रुपैयाँ विनियोजन गरिएको छ ।
- कार्यालयहरुको सुरक्षाको लागि तार घेराबारा आदिमा ३ लाख ६२ हजार विनियोजन गरिएको छ।

त्यसैगरी कार्यालयहरुको वित्तीय व्यवस्था र सुशासन अन्तर्गत रु. ७ लाख ६० हजार विनियोजन गरिएको

अनुसुचीहरु संलग्न

**वडागत आयोजनाहरु**

| | | | | |
|---|---|---|---|---|
| | **वडा नं. १ मुली** | | | |
| **वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु** | | | | |
| | | | | |
| सं. नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| **आर्थिक विकास** | | | | |
| १ | फलफुल खेती (ओखर आप स्याउ सून्तला नासपाती) | क.न.पा १ | २००००० | |
| **पुर्वाधार विकास** | | | | |
| २ | वडा कार्यालय भवन मर्मत र सौचालय निर्माण | | ६००००० | |
| ३ | वागेश्वरी मन्दिर निर्माण | | ३००००० | |
| ४ | चाल्साला वण्डाली मन्दिर निर्माण | | २००००० | |
| ५ | खिरेचौका–ठाटीखाद मोटर बाटो निर्माण | | ४५०००० | |
| ६ | गैरीखाद–खिरेचौका–वयला मोटर बाटो | | ३२००००० | |
| ७ | कालिका प्रा: वि भवन मर्मत | | ३००००० | |
| ८ | गौतम वुद्ध प्रा:वि खा.पा र शौचालय निर्माण | | ४००००० | |
| | | | | |
| **सामाजिक विकास** | | | | |
| ७ | छाउपडी गोठमुक्त अभियान – जनचेतना मुखि अभियान) | | २००००० | |
| ८ | वागेश्वरी प्रा.वि खा.पा निर्माण | | ६००००० | |
| ९ | स्वास्थ्य चौकी प्रसुती गृह र शौचालय निर्माण | | ७००००० | |
| १० | शिशुवोधनी मा: वि शौचालय निर्माण र सोलार खरिद | | ६००००० | |
| ११ | घैटो कार्यक्रमको समअनुदान | | १००००० | |
| **संस्थागत विकास** | | | | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सवारी साधन मोटरसाईकल | वडा कार्यालय | २५०००० | |
| **विपद जोखिम व्यवस्थापन** | | | | |
| २२ | | | | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |
| २३ | सार्वजनिक सुनुवाई अनुगमन मुल्यांकन तथ्यांक संकलन | | १००००० | |
| | | | ८२००००० | |

| | | | | |
|---|---|---|---|---|
| | कमलबजार नगरपालिका | | | |
| | **वडा नं. २** बजुडा | | | |
| **वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु** | | | | |
| | | | | |
| **सं. नं.** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
| **आर्थिक विकास** | | | | |
| १ | पाँचुली पर्यटन केन्द्र विकास | | १७००००० | |
| **पुर्वाधार विकास** | | | | |
| ४ | कमलबजार-चाल्सा सडक निर्माण | क.न.पा२ | १४०००००।०० | |
| ५ | शिशुसुधार नि.मा.वि भवन निर्माण | | २४०००००।०० | |
| ६ | शत्ति प्रा.वि घेरा पर्खाल निर्माण | | ३०००००।०० | |
| ७ | कमलबजार वायु उर्जा घेरा पर्खाल निर्माण | | ५०००००।०० | |
| **सामाजिक विकास** | | | | |
| १५ | शिव मन्दिर निर्माण | | २०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | रितेपाटा सिंचाई कुलो निर्माण | | १०००००।०० | |
| १७ | भिडमुड सिंचाई कुलो निर्माण | | १०००००।०० | |
| १८ | कमलबजार पोखरी र मन्दिर निर्माण | | ९५००००।०० | |
| १९ | दलित/महिला/वालबालिका क्षमता विकास( जनचेतना मुलक तालिम) | | ४००००।०० | |
| २० | दलितका लागि आधुनिक आरान सामाग्री खरिद | | ६००००।०० | |
| **संस्थागत विकास** | | | | |
| २४ | सवारी साधन खरिद ( मोसा) | वडा कार्यालय | २५००००।०० | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| २८ | | | | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |
| | | | ७५०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | कमलबजार नगरपालिका | | | |
| | **वडा नं. ३ वयला** | | | |
| **वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु** | | | | |
| | | | | |
| **सं. नं.** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
| **आर्थिक विकास** | | | | |
| २ | व्यावसायिक फलफुल खेती/पशुपालन/पन्छीपालन | | २००००० | |
| **पुर्वाधार विकास** | | | | |
| ३ | वेलखेत–वयला सडक मर्मत | | १५००००० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | वाण्डुडाँडा सार्वजनिक चौतारा निर्माण | | ७०००० | |
| ५ | सार्वजनिक शौचालय मर्मत | | ५०००० | |
| ६ | ने.रा.मा.वि घेरा पर्खाल निर्माण | | १०००००० | |
| ७ | भवानी देवि प्रा.वि भवन निर्माण | | ५८०००० | |
| ८ | नग दुर्गा प्रा.वि भवन निर्माण | | ३००००० | |
| **सामाजिक विकास** | | | | |
| ११ | वि.पि स्मृति प्रतिक्षालय वेलखेत | | ५०००० | |
| १२ | मषादी सिंचाई कुलो निर्माण | | ५००००० | |
| १३ | ठाउटेमाडु पोखरी निर्माण | | २००००० | |
| १४ | कोक्येआप खानेपानी निर्माण | | ६००००० | |
| १५ | गडरूख धारा मर्मत | | १५०००० | |
| १६ | भुतेनी छडा/ रामताल खा.पा मर्मत | | १००००० | |
| १७ | बिबरेखोला धारा मर्मत | | ६०००० | |
| १८ | बयस पानी/कडायत टोल खा.पा मर्मत | | १००००० | |
| १९ | सिमादी नाउलो मर्मत सुधार | | १००००० | |
| २० | कपर नाउला मर्मत सुधार | | ६०००० | |
| २१ | कदकिला नाउला मर्मत सुधार | | ४०००० | |

| | | | | |
|---|---|---|---|---|
| २२ | कुन्टागडा खा.पा. मर्मत सुधार | | ४०००० | |
| २३ | रातीमाटे खा.पा. मर्मत | | ४०००० | |
| २४ | बिउरे खोला नाउलो मर्मत सुधार | | ४०००० | |
| २५ | खानेपानी पाईप खरिद | | ७०००० | |
| ३५ | महिला दलित बालबालिका र क्षमता विकास तालिम | | १८०००० | |
| ३६ | स्वास्थ्य चौकी भवन निर्माण तथा वर्थिङ्ग सेन्टर सामाग्री खरिद | | २०००००० | |
| | अपाङ्गका लागि सामाग्री खरिद | | ५०००० | |
| **संस्थागत विकास** | | | | |
| ३८ | सवारी साधन खरिद | वडा कार्यालय | २५०००० | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| ४२ | चाख खेतमा तटवन्ध निर्माण | | ३०००० | |
| | फोहोरमैला व्यवस्थापन (खाल्डो खनेर) | | ५०००० | |
| | विपद व्यवस्थापन | | ५०००० | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |
| ४३ | सार्वजनिक सुनवाइ, अनुगमन तथा तथ्यांक संकलन | | ४०००० | |
| ४४ | सूचना तथा संचार व्यवस्थापन | | ३००००।०० | |
| | | | ८५०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | **वडा नं. ४ चाल्सा** | | | |
| **वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु** | | | | |
| | | | | |
| **सं. नं.** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
| **आर्थिक विकास** | | | | |
| १ | आरन सुधार मेलडाँडा | | २५०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| **पुर्वाधार विकास** | | | | |
| ३ | गैरीटाँड सुनपिपल खालि सडक मर्मत | **४ चाल्सा** | ६०००००।०० | |
| ४ | ठाना साईमल बेलखेत सडक निर्माण | **४ चाल्सा** | १००००००।०० | |
| ५ | अमरसैन सिमगाड, खामुहाले सडक निर्माण | **४ चाल्सा** | ९००००००।०० | |
| १२ | | | | |
| **सामाजिक विकास** | | | | |
| १३ | दुर्गा आधारभुत विद्यालय घेरा पर्खाल निर्माण | | ५००००० | |
| १४ | सिर्जना आधारभूत विद्यालय घेरा पर्खाल निर्माण | | ५००००० | |
| १५ | वागेश्वरी आधारभूत विद्यालय घेरा पर्खाल निर्माण | | १०००००० | |
| १६ | मंगलेश्वरी आधारभूत विद्यालयको घेरा पर्खाल निर्माण | | १०००००० | |
| १७ | मानसेन सेनपिल खानेपानी निर्माण | | २०००००० | |
| १८ | रजेडा खानेपानी मूल मर्मत | | ५०००० | |
| १९ | नामधारा खानेपानी निर्माण | | ५०००० | |
| २० | शिरुवाड खानेपानी धारा निर्माण | | २५००० | |
| २१ | मेलधारा कुवा मर्मत | | २५००० | |
| २२ | ककुडाकोट दलित टोल धारा मर्मत | | २५००० | |
| २३ | ठाना गोठाले कुवा मर्मत | | २५००० | |
| २४ | खोल्टेपानी कुवा मर्मत | | २५००० | |
| २५ | बागेश्वरी पोखरी तथा मन्दिर निर्माण | | ४००००० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | चाल्सा लघु जलविद्युत | | ७००००० | |
| २७ | स्वास्थ्य चौकी भवन तथा आवश्यक सामाग्री खरिद | | ९००००० | |
| २८ | महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन | | १००००० | |
| | पूर्ण सरसफाई कार्यक्रम | | ५०००० | |
| **संस्थागत विकास** | | | | |
| ३० | | | | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| | | | | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |
| ३५ | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | **वडा नं. ५ वडास्तरीय** | | | |
| | **वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु** | | | |
| | | | | |
| **सं. नं.** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
| | **आर्थिक विकास** | | | |
| १ | गोठे मल सुधार | ९ वटा टोलमा | २७००००।०० | |
| २ | फलफुल अलैंची कफी सुन्तला लगायतका वेर्ना खरिद | वडास्तरीय | १०००००।०० | |
| ३ | प्लास्टिक टनेल निर्माण | वडास्तरीय | १०००००।०० | |
| ४ | उन्नत जातको पशु खरिद राँगाबोका पुडी सुगुर | वडास्तरीय | १०००००।०० | |
| ५ | जुत्ता सिलाइ मेसिन खरिद | वडास्तरीय | २००००।०० | |
| ६ | खाडी कपडा उत्पादन उद्योग खोलेमा प्रोत्साहन गर्ने | वडास्तरीय | ३००००।०० | प्रति १०००० |
| | **पुर्वाधार विकास** | | | |
| ७ | चिसापानी बजार देखि सावाखोला सम्म | | ११०००००।०० | |
| ८ | सुरुङखेले हुम्मापोखरी सडक ट्रयाक खोल्ने | | २०००००।०० | |
| ९ | सुरुङखेले मालबासे घोर्ले सडक ट्रयाक खोल्ने | | ३०००००।०० | |
| १० | वडास्तरीय भीरगाउँ सडक ट्रयाक खोल्ने | | ५०००००।०० | |
| ११ | फोप्तुङ देखि बखुवाखोला नया ट्रयाक खोल्ने | | ५०००००।०० | |
| १२ | खर्क पाथिभरा हुँदै फगतपुर खोला सडक ट्रयाक खोल्ने | | १०००००।०० | |
| १३ | बँगैचा काभ्रेखोला ट्रयाक खोल्ने | | २०००००।०० | |
| १४ | चुच्चेगौँडा देखि वाजिपाला जिरो पोइन्टसम्म ट्रयाक खोल्ने | | १५००००।०० | |
| १५ | बैरेनीटार सावा खोला सडक ट्रयाक मर्मत | | २०००००।०० | |
| १६ | दोहोरेखोला सिँचाइ निर्माण | छेतुवा | १००००० | |
| १७ | आँपखोला दोभान भई सावाखोला मन्दिर सम्म जाने कुलो मर्मत | | ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | घोर्लेखोला मुहान भई टारबारिमा आउने | घोर्ले | ५०००० | |
| १९ | विद्युत शाखा लाइन विस्तार | वडास्तरीय | ८००००० | |
| | **सामाजिक विकास** | | | |
| २० | श्री जनज्योति प्रा.वि. तारघेरा | खुटा वितलब | १०००००।०० | |
| २१ | श्री बालसेवा प्रा.वि. फर्निचर | मालबासे | ७५०००।०० | |
| २२ | श्री पृथ्वी प्रा.वि. घोरेडाँडा फर्निचर | घोरेडाँडा | २५०००।०० | |
| २३ | श्री सिंहदेवी प्रा.वि. फर्निचर | पाथिभरा | २५०००।०० | |
| २४ | गुणस्तरीय शिक्षा तालीम | चिसापानी मा.वि. | १०००००।०० | |
| २५ | सरस्वती प्रा.वि. मा खानेपानी आयोजना | बैरेनीटार | १५००००।०० | |
| २६ | बालोदय आधारभूत विद्यालय छाना मर्मत | नाटेपानी | १२५०००।०० | |
| २७ | बालोदय आधारभूत विद्यालय खानेपानी आयोजना | नाटेपानी | १५००००।०० | |
| २८ | स्वास्थ्य स्वयमसेवक प्रोत्साहन भत्ता | वडास्तरीय | १२००००।०० | |
| २९ | साकेला मन्दिर पुननिर्माण | चिसापानी मा.वि. छेउ | ७५०००।०० | |
| ३० | राधाकृष्ण मन्दिर नव निर्माण | चिसापानी बजार आसपास | १०००००।०० | |
| ३१ | जाल्पादेवी मन्दिर मर्मत | वाजिपाला | ३५०००।०० | |
| ३२ | औतारी देवी मन्दिर मर्मत | छेतुवा खानी डाँडा | ३५०००।०० | |
| ३३ | शिवालय मन्दिर र भगवती मन्दिर मर्मत | चिसापानी बजार आसपास | २५०००।०० | |
| ३४ | होङमाथान देवी मन्दिर मर्मत | तुप्लुङ | २५०००।०० | |
| ३५ | भानुमति दोभान घाट निर्माण | सावाखोला | ५००००।०० | |
| ३६ | नागदेवी मन्दिर पुननिर्माण | टुनिबोटे | ५००००।०० | |
| ३७ | लाखेनाच प्रोत्साहन | वडास्तरीय | १००००।०० | |
| ३८ | शिव मन्दिर निर्माण | खुटा वितलब | ४५०००।०० | |
| ३९ | महिला सशक्तिकरण तथा सचेतना कार्यक्रम | वडास्तरीय | ९००००।०० | |
| ४० | दलित सचेतना तथा सीप विकास तालीम | वडास्तरीय | ९००००।०० | |
| ४१ | खेलकुद मैदान निर्माण | मैदान खुटा | १०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | आदिवासी जनजातिको भाषा संरक्षण खोज अनुसन्धान | वडास्तरीय | ५०००० ।०० | |
| ४३ | अपाङ्ग लक्षित कार्यक्रम | वडास्तरीय | २०००० ।०० | |
| ४४ | जेष्ठ नागरिक सम्मान | वडास्तरीय | २०००० ।०० | |
| ४५ | पहिरेखोला मुहानबाट आएको खानेपानी धारा थप र मर्मत | मालबासे | १००००० ।०० | |
| ४६ | नागढुङ्गा सुरुङ्खेले हुँदै मालवासे बस्तीसम्म खानेपानी मर्मत | नागढुङ्गा | ५०००० ।०० | |
| ४७ | खोलिटार बस्तीमा घोर्लेखोला मुहान खानेपानि नयाँ आयोजना | खोलिटार | २००००० ।०० | |
| ४८ | खोलिटार मुहान भई मार्से बाझघरा खानेपानी ट्याङ्की मर्मत | बाझघरा | ५०००० ।०० | |
| ४९ | जुकेपानी मुहान गरी दलितटोलमा खानेपानी ट्याङ्की मर्मत | दलित टोल | ७५००० ।०० | |
| ५० | घोर्लेखोला मुहान बाट बँगैचा टोलसम्म खानेपानी मर्मत | बँगैचा टोल | १००००० ।०० | |
| ५१ | बैरेनीटार तामाङटोलको लागि खानेपानी आयोजना | तामाङटोल | १५०००० ।०० | |
| ५२ | खोरण्डे मुहान भई जुम्ल्याहा डाँडामा | जुम्ल्याहा टोल | १५०००० ।०० | |
| ५३ | गिट्टी धारा मर्मत | वितलब | २५००० ।०० | |
| ५४ | धुरखेले धारा मर्मत | धुरखेले | ५००० ।०० | |
| ५५ | केउरेनी धारा मर्मत | साबिक ५ नं. | १५००० ।०० | |
| ५६ | बागबिरे चिप्लेढुङ्गा मुहान भई मैदाने जाने नयाँ खानेपानी आयोजना | मैदान | ५००००० ।०० | |
| ५७ | टुनिबोटे स्रोत संरक्षण | वितलब | ५००० ।०० | |
| ५८ | चुच्चेगौँडा मुहान भई मेलबोटे जाने ट्याङ्की निर्माण | पञ्चमी | १००००० ।०० | |
| ५९ | प्रेम बहादुर कार्कीको मुहान भई दुबै भीरगाउँ खानेपानी आयोजना | भीरगाउँ | २६५००० ।०० | |
| ६० | दिप्लुङखोला मुहान भई डाँडागाउँ खानेपानी मर्मत | डाँडा गाउँ | ७५००० ।०० | |
| ६१ | छ्याङछ्याङे खोरण्डे र कुवाखेत मुहान भई वाजिपाला पुच्छारलाई खानेपानी नयाँ आयोजना | वाजिपाला | २००००० ।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | अक्करेभीरमा मुहान भएको ट्याङ्की २ निर्माण | छेतुवा | १००००० ।०० | |
| ६३ | सर्स्युबारी खेत मुहान मर्मत | छेतुवा | ५०००० ।०० | |
| ६४ | दोभाने मुहान भई छेतुवामा खानेपानी आयोजना | छेतुवा | १००००० ।०० | |
| ६५ | देविथान मुहान गरी मेलबोटे टोललाई खानेपानी आयोजना | छेतुवा | ७५००० ।०० | |
| ६६ | चिसापानी मा.वि. स्रोत भएको खानेपानी आयोजना | नेवारटोल | १५०००० ।०० | |
| ६७ | छिरुवा धाराको स्रोत संरक्षण | छिरुवाधारा | १०००० ।०० | |
| ६८ | देविथान मुहान भई खाल्ले टोलसम्म खानेपानी आयोजना | खाल्ले | १००००० ।०० | |
| ६९ | भाषिङ खोला मुहान बाट हुम्मापोखरी टोलसम्म खानेपानी आयोजना | हुम्मापोखरी | १००००० ।०० | |
| ७० | इलाका प्रहरी कार्यालयको लागि पर्खाल र बाटो सोलिङ | चिसापानी बजार | १००००० ।०० | |
| ७१ | पशुसेवा केन्द्र र कृषि सेवा केन्द्रको भवन मर्मत र ट्वाइलेट निर्माण | चिसापानी बजार | १००००० ।०० | |
| ७२ | रेडक्रस सोसाइटी सामान ढुवानी | चिसापानी बजार | २५००० ।०० | |
| ७३ | इलाका हुलाक कार्यालय | चिसापानी बजार | २०००० ।०० | |
| ७४ | चिसापानी बजारको खानेपानीको मुहान इन्टेक ट्याङ्की निर्माण | चिसापानी बजार | ५०००० ।०० | |
| **संस्थागत विकास** | | | | |
| ७५ | फर्निचर तथा फर्निसिङ | वडा कार्यालय | १००००० ।०० | |
| ७६ | मेसिनरी औजार | वडा कार्यालय | १००००० ।०० | |
| ७७ | गाउँ पार्श्वचित्र तयार गर्ने | वडा कार्यालय | ५०००० ।०० | |
| | | | | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| ७८ | विपद व्यवस्थापन | वडास्तरीय | १००००० ।०० | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |
| ७९ | सार्वजनिक सुनवाइ र सामाजिक परिक्षण | | २०००० ।०० | |
| ८० | सूचना तथा संचार व्यवस्थापन | | २५००० ।०० | |
| | | | १००००००० ।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | वडा नं. ६ दिप्लुङ | | | |
| वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु | | | | |
| | | | | |
| सं. नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| आर्थिक विकास | | | | |
| १ | सुन्तला आँप लिचि अलैंची कागति स्याउ विरुवा खरिद तथा ढुवानी | दिप्लुङ | १०००००।०० | |
| पुर्वाधार विकास | | | | |
| ४ | भानुमति- सिम्लेदोभान सडक ट्रयाक खोल्ने | भानुमति सिम्लेदोभान | १९५००००।०० | |
| ५ | चापाखोरा सोभे सावाखोला सडक नयाँ ट्रयाक खोल्ने | सोभे | १०५००००।०० | |
| ६ | चापखोरा भञ्ज्याङ ओदाले गाउँ सडक नयाँ ट्रयाक | ओदाले | ३०००००।०० | |
| ७ | हलहले डढुवा खुन्द्रे भञ्ज्याङ सडक नयाँ ट्रयाक र स्तरोन्नती | छुप्लुङ | ३०००००।०० | |
| ८ | निगालाबास भञ्ज्याङ चापखोरा सडक नयाँ ट्रयाक | अल्लेगैरा | ७०००००।०० | |
| ९ | निगालाबास आम्बातुङ भुलभुले खोला आम्बातुङको सडक | आम्बातूङ | ७०००००।०० | |
| १० | निगालाबास भञ्ज्याङ सप्तमी सडक | सम्तमी | ३०००००।०० | |
| ११ | खेलकुद मैदान | सोभे | २५००००।०० | |
| १२ | सावा खोला चम्फे मुहान कुलो मर्मत | सावा खोला | १०००००।०० | |
| सामाजिक विकास | | | | |
| १३ | श्री भानु आधारभूत विद्यालय भवन मर्मत र फर्निचर | दिप्लुङ | १०००००।०० | |
| १४ | श्री सिद्देश्वरी प्राथमिक विद्यालय भवन मर्मत | केराबारी | ३००००।०० | |
| १५ | महिला लक्षित कार्यक्रम | | १५००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | दलित लक्षित कार्यक्रम | | ५००००।०० | |
| १७ | जनजाति लक्षित कार्यक्रम | | ५००००।०० | |
| १८ | अपाङ्ग लक्षित कार्यक्रम | | ५००००।०० | |
| १९ | स्वास्थ्य सयम्सेविका प्रोत्साहन भत्ता | | १०८०००।०० | |
| २० | खानेपानी आयोजना मर्मत | दिप्लङ | ४०००००।०० | |
| **संस्थागत विकास** | | | | |
| २१ | फर्निचर तथा फर्निसिङ | | १०००००।०० | |
| २२ | मेसिनरी औजार | | १५००००।०० | |
| २३ | कार्यालय कम्पाउण्ड घेराबारा | | १६२०००।०० | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| २४ | विपद व्यवस्थापन | | ५००००।०० | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |
| २५ | सार्वजनिक सुनवाइ र सामाजिक परिक्षण | | २५०००।०० | |
| २६ | सूचना तथा संचार व्यवस्थापन | | २५०००।०० | |
| | | | ७२०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | **जन्तेढुङ्गा गाउँपालिका** | | | |
| | | | | |
| **वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु** | | | | |
| | | | | |
| **सं. नं.** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
| **आर्थिक विकास** | | | | |
| १ | जन्तेढुङ्गा युवा सरोजगार कार्यक्रम | गाउँपालिका स्तरीय | १२०००००।०० | |
| २ | सीपमुलक तालीम तथा प्रशिक्षण | गाउँपालिका स्तरीय | ५०००००।०० | |
| ३ | कृषि प्रसार कार्यक्रम | गाउँपालिका स्तरीय | ९०००००।०० | |
| ४ | पशु सेवा प्रसार कार्यक्रम | गाउँपालिका स्तरीय | ९०००००।०० | |
| ५ | पार्क निर्माण | जन्तेढुङ्गा क्षेत्र | १००००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| **पुर्वाधार विकास** | | | | |
| ६ | गाउँ कार्यपालिकाको लागि भवन निर्माण | चिसापानी बजार क्षेत्र | २००००००० ।०० | |
| ७ | छिमाहा काहुले वोपुङ ट्र्याक र स्तरोन्नती | | ४०००००० | |
| ८ | छिमाहा भञ्ज्याङखर्क सडक स्तरोन्नती | | १५०००००।०० | |
| ९ | चिसापानी छिमाहा सडक स्तरोन्नती | | १५०००००।०० | |
| १० | चिसापानी बजारक्षेत्र ग्रावेल | | २५०००००।०० | |
| ११ | चिसापानी दिप्लुङ खुन्द्रे स्तरोन्नती | | २००००००।०० | |
| १२ | चिसापानी पैंयाटार सडक स्तरोन्नती | | २००००००।०० | |
| १३ | पैंयाटार फेदी सडक स्तरोन्नती | | १५०००००।०० | |
| १४ | चिसापानी बजार केन्द्रीय प्रसारण लाइन विद्युत विस्तार | | ४००००००।०० | |
| १५ | चिसापानीबाट मेनलाइनबाट छिमाहा हुँदै लक्ष्मी मा.वि. सम्म विद्युत विस्तार | | ३००००००।०० | |
| १६ | चिसापानी बजार देखि दिप्लुङ वडा कार्यालयसम्म विद्युत विस्तार | | १५०००००।०० | |
| १७ | सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम | | २०००००।०० | |
| **सामाजिक विकास** | | | | |
| १८ | खेलकुद स्टेडियम निर्माण | | ३२०००००।०० | |
| **संस्थागत विकास** | | | | |
| १९ | जेसिबी खरिद | | ४५०००००।०० | |
| २० | कार्यालयका लागि फर्निचर खरिद | | १००००००।०० | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| २१ | विपद व्यवस्थापन | | ५०००००।०० | |
| २२ | फोहोरमैला व्यवस्थापन | | ५०००००।०० | |
| **वित्तीय व्यवस्थापन र सुशासन** | | | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | सार्वजनिक सुनवाइ र सामाजिक परिक्षण | | १०००००।०० | |
| २४ | सूचना तथा संचार व्यवस्थापन | | ४०००००।०० | |
| | | | | |
| | **पुजिगत सेवा तथा परामर्श** | | १००००००।०० | |
| | **भैपरी आउने पुजिगत** | | १६४१६६३।०० | |
| | | | ६१०४१६६३।०० | |

**गाउँपालिका स्तरीय चालु खर्चको बाँडफाँड**

| क्र.सं. | बजेट उपशिर्षक | विनियोजन |
|---|---|---|
| १ | पदाधिकारीको सुविधा र पारिश्रमिक | २०००००० |
| २ | कर्मचारीको तलब | ९०००००० |
| ३ | स्थानीय भत्ता | १२२५००० |
| ४ | महगी भत्ता | ३४००००० |
| ५ | अन्यभत्ता | ३०००००० |
| ६ | पोशाक | २१०००० |
| ७ | पानी तथा बिजुली | १००००० |
| ८ | संचार महसुल | ५००००० |
| ९ | घरभाडा | ३००००० |
| १० | अन्य भाडा | १२००००० |
| ११ | इन्धन | १०००००० |
| १२ | संचालन मर्मत संभार | १०००००० |
| १३ | वीमा | १७८८८८ |
| १४ | कार्यालय सम्बन्धी खर्च | २५००००० |
| १५ | पुस्तक तथा सामाग्री खर्च | ६००००० |
| १६ | इन्धन अन्य प्रयोजन | १००००० |
| १७ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | १०००००० |
| १८ | सेवा र परामर्श | ५००००० |
| १९ | अन्य सेवा शुल्क | ४००००० |
| २० | कर्मचारी तालीम खर्च | ७००००० |

| | | |
|---|---|---|
| २१ | कार्यक्रम खर्च | ५००००० |
| २२ | अनुगमन मुल्याङ्कन र भ्रमण खर्च | २५००००० |
| २३ | भ्रमण खर्च | ८००००० |
| २४ | विविध खर्च | १५००००० |
| २५ | भैपरी आउने चालु खर्च | २०००००० |
| २६ | चालु मौज्दात | १०८२४५२ |
| | कुल जम्मा | ३७२९६३४० |